बुटवल टुडे

प्रदेश सरकार

प्रदेश न. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

रुपन्देही

## प्रस्ताव आव्हान सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मितिः २०७६/१०/०७

यस निर्देशनालयको आ.व. २०७६/०७७ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक प्रदेश नं. ५ अन्तर्गतका निजी उद्यमी/ सहकारी सस्था/व्यवसायिक फार्महरु/समुह समितिहरुलाइ प्रस्ताव पेश गर्न यो सुचना प्रकाशन भएको मितिले ३० दिनभित्र तोकिए बमोजिमको ढाँचामा निर्देशनालयले तोकेका कार्यालयहरुमा रितपुर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैलाइ जानकारी गराइन्छ । प्रस्तावपत्रका साथ पेश गर्नुपर्ने कागजातको विवरण, निवेदनको ढाँचा, प्राविधिक प्रस्ताव तथा सक्षिप्त व्यवसायिक कार्ययोजना भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाइट molmac.p5.gov.np र निर्देशनालयको वेवसाइट dolfd.p5.gov.np बाट डाउनलोड गरि तथा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राखि प्राप्त गर्न सक्नुहुनेछ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रमको नाम | संख्या/ पटक | निर्देशनालयबाट हुने अधिकतम साझेदारी प्रतिशत | अधिकतम साझेदारी रकम रु. प्रति प्रस्ताव | सम्भावित योग्य साझेदार | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|---|---|
| १ | **मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम** | | | | | |
| | बरफ उत्पादन उधोग स्थापना सहयोग संख्या | २ | ५०% | १०,००,०००। | निजि उद्यमी/ सहकारी/ समुह/ समिति | ➢ व्यावसायीक मत्स्य पकेट क्षेत्र भित्र वा सो को वरपर बरफ उद्योग संचालन गर्नु पर्नेछ ।<br>➢ मत्स्य उत्पादन तथा बजारीकरणमा संलग्न रहेका समुह सहकारी र उद्यमीहरुलाई प्राथमिकता दिइनेछ । |
| | चिसो पानीमा मत्स्य पालन संख्या | २ | ५०% | २५,००,०००। | निजि उद्यमी/ सहकारी/ समुह/ समिति | ➢ चिसो पानीमा वृद्धि विकास हुने माछा रेन्बोट्राउट/ असला/ गर्दि/ सहर/ कत्ले उत्पादन गर्नुपर्नेछ ।<br>➢ ५० लिटर प्रति सेकेन्ड डिस्चार्ज भएको चिसो पानीको श्रोत हुनुपर्नेछ ।<br>➢ बाटो र बिजुलीको पहुच भएको हुनु पर्नेछ ।<br>➢ पानीको तापक्रम ७ देखी २० डिग्री सेल्सीयस सम्म भएको प्राविधिक सिफारिस संलग्न गर्नुपर्नेछ । |
| २ | **कृषि तथा पन्छि जन्य उधोग, यन्त्र तथा पुर्वाधार विकास कार्यक्रम** | | | | | |
| | दुध प्रशोधन तथा विविधिकरण उधोगका लागी सहयोग पटक | २ | ५०% | ५०,००,०००। | निजि उद्यमी/ सहकारी/ समुह/ समिति | ➢ दैनिक २००० लिटर दुध संकलन तथा उत्पादन गरी प्रशोधन तथा विविधिकरण गरेको हुनुपर्नेछ ।<br>➢ विगत २ आर्थिक वर्ष भित्र सरकारी निकाय बाट रु १००००००। वा सो भन्दा बढि सोही विषयमा अनुदान नलिएको । |
| | पशुपन्छी वधस्थल निर्माण/सुधार पटक | ३ | ५०% | ३०,००,०००। | निजि उद्यमी/ सहकारी/ समुह/ समिति | ➢ साझेदार निकाय संग आफ्नै स्वामित्वको कम्तिमा १५ रोपनी जग्गा हुनु पर्नेछ ।<br>➢ वधस्थल निर्माण तथा सुधार गरिने स्थान सहरी क्षेत्र भन्दा बाहिर हुनुपर्नेछ ।<br>➢ चिस्यान घर र मासु ढुवानीकोलागी रेफ्रिजेरेटेड भ्यान भएको प्रस्तावकलाई प्राथमिकता दिइनेछ । |

**नोटः थप जानकारीका लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, रुपन्देहीको फोन नं. ०७१-४३८५९६ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।**

**प्रस्ताव दर्ताको लागी बुझाउन सक्ने कार्यालयहरु**

१. पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय प्रदेश नं. ५ रुपन्देही

२. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु : रुपन्देही, कपिलवस्तु, पाल्पा, दाङ, बाके र रोल्पा

३. मत्स्य विकास फार्म शम्शेरगंज बाँके

**प्रस्ताव पेश गर्दा संलग्न राख्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रतिलिपि ।

२. रु १० को टिकट टाँस गरेको निवेदन ।

३. तोकिए अनुसारको अनूसुचीमा व्यावसायीक कार्ययोजना ।

४. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए कम्तिमा १० वर्षको सम्झौता पत्रको प्रतिलिपी)।

५. प्रचलित कानुन बमोजिम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।

६. स्थायी लेखा नम्वर भ्याटमा दर्ता भएको प्रमाणको प्रतिलिपी ।

७. गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

८. फर्म तथा समुह सहकारी नवीकरणको प्रतिलिपि ।

९. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान ।

१०. शैक्षिक योग्यता, तालीम, अनुभव, तथा वैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि ।

११. बैंक स्टेटमेन्ट वा बैंकको ऋण स्वीकृति प्रतिबद्धता पत्र ।

१२. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।